# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ | संख्याः ४ | मितिः २०८१।७।२६

## भाग-२

बनेपा नगरपालिका

## फोहोरमैला स्व:व्यवस्थापन गर्न बनेको निर्देशिका-२०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।५।२६

प्रमाणिकरण मितिः २०८१।६।११

# फोहोरमैला स्व:व्यवस्थापन गर्न बनेको निर्देशिका-२०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।५।२६**

**प्रस्तावना:**

यस बनेपा नगरपालिका भित्र रहेका सबै घर, होटल,पसल, कलकारखाना, विद्यालय, अस्पताल, सरकारी तथा गैर सरकारी संघ संस्थाका कार्यालयहरू आदिबाट निस्कने कुहिने तथा नकुहिने फोहोरहरू, कागज, प्लाष्टिक, कपडा लगायत विभिन्न किसिमका धातुहरूलाई निश्चित प्रणालीको निर्माण गरी उचित ढंगले सबैको जिम्मेवारीपूर्ण सक्रियताका आधारमा त्यस्ता वस्तुहरूको व्यवस्थापनबाट सबैले कुनै न कुनै किसिमको लाभ लिन सक्ने वातावरण निर्माण गरी फोहोर व्यवस्थापनको लागि पैसा खर्च गर्ने नभई पैसाका लागि स्वयम् फोहोर व्यवस्थापनमा जुट्न वा "Clean for Cash" को अवधारणा बमोजिम नगरका हरेक क्षेत्रको वातावरण स्वच्छ र सफा राखी यसका निमित्त सम्वन्धित सबैको भूमिकालाई अनिवार्य बनाउन वान्छनीय भएकोले फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) बमोजिम यो निर्देशिका मिति २०८१/०५/२६ गते बसेको बनेपा नगरकार्यपालिकाको बैठकबाट निर्माण गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस निर्देशिकाको नाम बनेपा नगरपालिकाको फोहोरमैला स्व:व्यवस्थापन गर्न बनेको निर्देशिका २०८१" रहने छ

२) यस निर्देशिका राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) नगर वा नगरपालिका भन्नाले बनेपा नगरपालिकालाई बुझाउनेछ ।

ख) कार्यपालिका भन्नाले नगरकार्यपालिकालाई बुझाउनेछ ।

ग) सभा भन्नाले नगर सभालाई बुझाउनेछ ।



घ) नगर प्रमुख भन्नाले बनेपा नगरपालिकाको नगर प्रमुखलाई बुझाउनेछ ।

ङ) उप प्रमुख भन्नाले बनेपा नगरपालिकाको उप प्रमुखलाई बुझाउनेछ ।

च) वडा भन्नाले बनेपा नगरपालिकाको वडालाई बुझाउनेछ ।

ज) वडा अध्यक्ष भन्नाले सम्वन्धित वडाको वडा अध्यक्षलाई बुझाउनेछ ।

झ) टोल विकास संस्था भन्नाले बनेपा नगरपालिकाको टोल विकास संस्था दर्ता, सन्चालन तथा अनुगमन गर्न बनेको २०८१ को दफा ३ को क र ख बमोजिम् गठन भएको टोल विकास संस्थालाई बुझाउनेछ । प्रत्येक भित्र गठन भएको टोल विकास संस्थालाई बुझाउनेछ ।

ञ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले बनेपा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

ट) संकलक भन्नाले यस निर्देशिका बमोजिम फोहोर संकलन गर्ने व्यक्ति, फर्म, कम्पनी वा यस्तै शब्दलाई बुझाउँनेछ ।

ठ) समिति भन्नाले दफा १५ बमोजिम गठित फोहोर मैला स्व व्यवस्थापन तथा अनुगमन समितिलाई बुझाउँछ ।

ड) संकलन केन्द्र भन्नाले तोकिए बमोजिमको फोहोरमैला संकलन गर्ने स्थानलाई बुझाउँनेछ ।

ढ) फोहोरमैला भन्नाले घर, होटल,पसल, कलकारखाना, विद्यालय, अस्पताल, सरकारी तथा गैर सरकारी संघ संस्थाका कार्यालयहरू आदिबाट निस्कने कुहिने तथा नकुहिने फोहोरहरू, कागज, प्लाष्टिक, कपडा लगायत विभिन्न किसिमका धातुहरूलाई बुझाउनेछ साथै उक्त शब्दले फोहोर मैला व्यवस्थापन ऐन २०६८ को दफा २(ण) बमोजिमको फोहोरमैलालाई समेत बुझाउनेछ ।

ण) सम्वन्धित शाखा भन्नाले बनेपा नगरपालिकाको सामुदायिक विकास शाखालाई बुझाउनेछ ।

त) आन्तरिक खेती भन्नाले बनेपा नगरपालिका भित्रका विभिन्न व्यक्ति तथा सरकारी तथा गैर सरकारी संस्थाहरूको स्वामित्वमा रहेका घरहरूको कम्पाउण्ड भित्र वा छत वा कौसीमा गरिएको तरकारी तथा फलफूलजन्य खेतीलाई बुझाउँछ ।

## परिच्छेद २

### फोहोरमैला वर्गीकरण सम्वन्धी व्यवस्था :

३. **फोहोरमैलाको वर्गीकरण तपसिल बमोजिम गर्नु पर्नेछ ।**

क) फोहोरमैला जहाँ उत्पादन हुन्छ, त्यही सोहि पक्षले कुहिने र नकुहिने फोहोर मध्ये कुहिनेलाई आफैले आफ्नै प्रयोगको लागि आवश्यक्ताका आधारमा तोकिए बमोजिम कम्पोष्ट मल बनाउन सक्नेछ र अन्यत्रै व्यवस्थापन गर्नु पर्ने लाई तोकिए बमोजिम अलग्गै छुट्याई राख्नु पर्नेछ ।

ख) नकुहिने मध्ये कागज, कपडा, फलाम, प्लाष्टिक जस्ता अन्य वस्तुहरूलाई अलग अलग वर्गीकरण गरी राख्नु पर्नेछ ।

ग) यसरी वर्गीकरण गरेको फोहोर निर्धारित सूचना प्रणालीमा नियमित रूपमा राख्नु पर्नेछ ।

घ) हरेक घर, होटल,पसल, कलकारखाना, विद्यालय, अस्पताल, सरकारी तथा गैर सरकारी संघ संस्थाका कार्यालयहरू आदिले आफ्नो कम्पाउण्ड वरीपरी कुनै पनि दिसिमका फोहोरहरू फाल्न हुँदैन । कसैले फालेको थाहा पाएमा सम्भव भए सम्म त्यसको आवश्यक प्रमाण समेत सुरक्षित राखी नगरपालिकालाई सूचना गर्नु पर्नेछ । कसले फालेको नदेखेको अवस्थामा सोही पक्षले नै संकलन गरी तोकिए बमोजिम वर्गीकरण गरी राख्नु पर्नेछ ।

ङ) नगर क्षेत्र भित्र भएर चल्ने कुनै पनि किसिमका सवारी साधनहरू भित्रबाट कसैले कुनै पनि किसिमका फोहोरमैला वाहिर फ्याक्न पाईनेछैन् । त्यस्तो फ्याकेको थाहा पाएमा यस निर्देशिका बमोजिम सम्वन्धित् सवारी धनी वा सवारी चालकलाई कारवाही हुनेछ । त्यस्तो सवारी साधनमा यात्रा गर्ने अन्य कुनै व्यक्तिले त्यसो गरेको भए त्यस्तो व्यक्तिबाट सम्वन्धित सवारी धनी वा चालकले उक्त कार्यका लागि तिरेको जरिवानामा थप पाँच प्रतिशत रकम समेत लिन सक्नेछ । तर ती सवारी साधन भित्रका यात्रीहरुले देख्ने यस सम्वन्धी त्यस्तो सूचना वा जाकारी नगराएको वा त्यस्तो फोहोर सवारी साधन भित्रै व्यवस्थापन गर्ने उचित् व्यवस्था नभएको कारण यस्तो भएको रहेछ भने सवारी चालक वा धनीले यात्रुबाट सो वापतको कुनै रकम लिन पाउने छैन ।



## परिच्छेद ३

### फोहोरमैला संकलन सम्वन्धी व्यवस्था :

४. **फोहोरमैला संकलन सम्वन्धी नगरपालिकाले तपसिल बमोजिम व्यवस्था गर्नु पर्नेछ ।**

क) फोहोरमैला वर्गीकरण गरी राखेको स्थानबाट संकलन गरी सम्वन्धित संकलन केन्द्रसम्म लैजानको लागि नगर आफैले वा तोकिएको प्रक्रिया पूरा गरी कुनै व्यक्ति, फर्म, कम्पनी वा यस्तै अन्य पक्षलाई जिम्मा दिन सक्नेछ ।

ख) संकलकले संकलन गरेको कुहिने वस्तुहरूबाट तोकिए बमोजिमको प्रक्रिया अवलम्वन गरी आवश्यक गुणस्तर कायम हुने गरी कम्पोष्ट मल वनाउनु पर्नेछ । यसरी बनेको मल विक्री तथा वितरणको लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

घ) संकलन केन्द्रको जग्गा तथा आवश्यक पूर्वाधारको प्रवन्ध नगरपालिकाले मिलाउने छ ।

ङ) नकुहिने तर पुन प्रयोग गर्न मिल्ने संकलित सवै वस्तुहरूको विक्रीको लागि नगरपालिकाले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक उद्योग, कलकारखाना वा फर्महरूको छनौट गरी ती वस्तुहरूको विक्रि मूल्य समेत कायम गराउने छ ।

च) निर्धारित समय वा कार्यतालिका बमोजिम वर्गीकृत फोहोर नियमित रूपमा संकलन गर्नुपर्नेछ ।

छ) संकलकले संकलन केन्द्रमा संकलित फोहोरको पुनः प्रसोधन गर्न चाहेमा नगरपालिकाले उक्त कार्यलाई प्रोत्साहन गर्नु पर्ने वा कुनै छुट वा सुविधा उपलब्ध गराउन सक्नेछ ।

ज) यो निर्देशिका बमोजिम फोहोरमैला व्यवस्थापनको कार्य अघि वढेपछि नगर क्षेत्रभित्र अन्य किसिमले फोहोरमैला कसैले संकलन गर्न वा कसैले अन्य कुनै व्यक्तिलाई दिन पाउनेछैन् । तर यो निर्देशिका लागू हुनु अघिनै भएका कुनै सहमति वा सम्भौता बमोजिम भई रहेको कामको हकमा त्यस्ता सम्भौता वा सहमती भएको पक्षको सहमती बमोजिम गर्नु पर्नेछ ।

झ) यो निर्देशिका लागू भए पश्चात नगरपालिकाले सवै सार्वजनिक स्थलहरू जहाँ मानिसहरुको विविध उद्देश्यले आवागमन भई रहन्छ,

त्यस्ता स्थानहरूको रेखदेख, संरक्षण र सरसफाईको लागि आवश्यक प्रक्रिया पूरा गरी कुनै पक्षलाई जिम्मा दिन सक्नेछ ।

ञ) नगरपालिकाले आफनो क्षेत्रभित्रका सार्वजनिक स्थलमा अव्यवस्थित ढंगले फ्याकिँएका नकुहिने फोहोरहरूको संकलन गर्ने अभियान सन्चालन गर्न आफनै नेतृत्वमा सम्वन्धित सवै पक्षहरूलाई अपिल गर्नेछ र वाँकी कार्यको लागि संकलित परिमाणका आधारमा आवश्यक रकम दिने गरी त्यस्ता वस्तुको संकलनलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

ट) नगरले अन्य स्थानीय तहहरूसँग पनि आवश्यक सहकार्य गरी फोहोरमैला व्यवस्थापन सम्वन्धी कार्य गर्न सक्नेछ ।

ठ) संकलन केन्द्रले नगरक्षेत्र भित्रका विभिन्न किसिमका उत्पादनहरूको विक्री वितरण, तथा अन्य ठाउँका उत्पादनहरू नगरवासीहरू सम्म पुर्‍याउन नगरपालिकाको स्वीकृति लिई आवश्यक कार्य गर्न सक्नेछ ।

ड) प्लाष्टिकजन्य वस्तुहरू संकलन गर्दा १३०० ग्राम वा सोहि परिमाणले गुणन गर्दा हुन आउने परिमाणमा मात्र संकलन गर्नुपर्नेछ ।

## परिच्छेद ४

### लागत लाभ वाडफांड सम्वन्धी व्यवस्था :

**५. फोहोरमैला उत्पादक, संकलक र नगरपालिकावीच फोहोरमैला व्यवस्थापन सम्वन्धी लाग्ने लागत र त्यस्तो फोहोरबाट प्राप्त हुने रकमको वाँडफाड तपसिल बमोजिम हुनेछ ।**

क) संकलकले संकलन गरेको फोहोरमैला मध्ये जुन वस्तुहरू सिधै संकलन केन्द्रबाट अर्को पक्षले खरीद गरी लैजान्छ, त्यसरी विक्री गरी आउने रकम मध्ये फोहोरमैला उत्पादक वा संकलक वा वर्गीकरण गर्ने घर परिवारलाई ५० प्रतिशत्, त्यस्तो वस्तु जुन पक्षले घर परिवारबाट संकलन गरी लैजान्छ त्यस्तो पक्षले ३० प्रतिशत् र नगरपालिकालाई २० प्रतिशत्ले हुन आउने रकम बाँडफाँड गर्नु पर्नेछ । तर प्लाष्टिकजन्य वस्तुको हकमा भने संकलक वा घर परिवार वा वर्गीकरण गर्नेलाई ८०.प्रतिशत्, घर परिवारबाट संकलन गरी लैजाने पक्षले १५ प्रतिशत र नगरपालिकाले ५ प्रतिशतले हुन आउने रकम मात्र प्राप्त गर्नेछ ।



ख) कुहिने फोहोरबाट कम्पोष्टमल बनाउन लागेको लागत कट्टी गरी बाँकी रहेको रकम संकलित फोहोरको परिमाणका आधारमा सम्वन्धित उत्पादकलाई दामासाहीले माथि (क) बमोजिम नै वाँडफाड हुने व्यवस्था गर्नुपर्नेछ । तर संकलकलाई नोक्सान नहुने गरी समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

ग) फोहोरमैला स्वःव्यवस्थापन सम्वन्धी सूचना प्रणालीमा राखिएको सम्वन्धित कुनै पनि पक्षलाई उपयोगी हुने अडियो, भिडियो वा यस्तै अन्य कुनै सामाग्री वापत पनि केहि रकम प्राप्त हुनेरहेछ भने त्यसको ७० प्रतिशत् सम्वन्धित अडियो, भिडियो निर्माण गर्ने व्यक्ति वा पक्ष र वाँकी ३० प्रतिशत् नगरपालिकाको हुनेछ ।

घ) माथि खण्ड (ख) बमोजिमको कम्पोष्ट मल बनाउन लाग्ने लागत र त्यसको विक्री मूल्य निर्धारण गर्ने विषयमा समितिले आवश्यक समन्वय गर्नेछ ।

## परिच्छेद ५

### सूचना तथा सन्चार र जन जागरण सम्वन्धी व्यवस्था

६. यो निर्देशिका बमोजिम गरिने विविध कार्यको सम्वन्धित सवै पक्षहरूलाई आवश्यक जानकारीको लागि र ती पक्षहरूमा जनजागरण ल्याउने र जिम्मेवारी बोध गराउन नगरले विभिन्न माध्यामबाट आवश्यक सूचनाहरू नियमित रूपमा संप्रेषण गर्नेछ ।

७. यो निर्देशिका लागू भए पश्चात् पहिलो दुई महिनासम्म सम्वन्धित् सवै सरोकारवालाहरूको जानकारीको लागि प्रभावकारी रुपमा सूचना सम्प्रेषण गरी आमरुपमा जनजागरणको कार्यक्रमहरू गरिनेछ र त्यस पछि यस निर्देशिकामा उल्लेख भए बमोजिम आवश्यक जरिवाना तथा कारवाही गरिनेछ । यस सम्वन्धी आवश्यक कार्यक्रम समितिको बैठकबाट निर्धारण गरिनेछ ।

८. तपसिल बमोजिमका पक्षहरूलाई लक्षित गरी जनजागरण सम्वन्धी कार्यक्रमहरू नगरले फोहोरमैला व्यवस्थापन सम्वन्धी कार्यक्रम प्रभावकारी कार्यान्वय नभए सम्मको लागि नियमित रुपमा सन्चालन गरिरहनेछ ।

१) सवै किसिमका विद्यालय तथा शैक्षिक संस्थाहरू

२) टोल विकास संस्थाहरू,विभिन्न संघ, संस्थाहरू

३) स्वास्थ्य सम्वन्धी सवै निकायहरू

४) कल कारखाना, होटेल व्यावशायहरू

५) क्लव तथा सहकारी संस्थाहरू

६) यातायात व्यावशायीहरू तथा त्यसका संगठनहरू

७) आम सर्वसाधारण नागरिकहरू

८) आदि

## परिच्छेद ६
## आन्तरिक खेती व्यवस्थापन सम्वन्धी व्यवस्था :

९. फोहोरमैलाको उत्पादकहरू वा त्यसको वर्गीकरणको गर्ने पक्षहरूको घरको छत, कौसी वा कम्पाउण्ड भित्र गरिने विभिन्न तरकारी वा फलफूल खेतीलाई प्रोत्साह गर्न उनीहरूले आफैं पनि कम्पोष्ट मल बनाउन उत्साहित हुन भन्ने उद्देश्य राखी साथै संकलकले बनाएको कम्पोष्ट मलको विक्रीलाई प्रोत्साहन गर्न नगरपालिकाले उपयुक्त जातका तरकारी तथा फलफूलका विरूवा वा विऊ विजन सहुलियत दरमा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनेछ ।

१०. दफा ९ बमोजिको खेतीको लागि आवश्यक पर्ने सल्लाहा, सुझाव, निर्देशन जस्ता कुराहरू उपयुक्त समयमा तोकिएको विषयको विज्ञबाट निरन्तर उपलब्ध गराउनु नगरको कृषि शाखाको दायित्व हुनेछ ।

११. आन्तरिक खेती व्यवस्थापनको लागि नगरले अन्य सुविधाहरूको कार्ययोजना सहितको आवश्यक प्रवन्ध गर्न सक्नेछ ।

## परिच्छेद ७
## दण्ड, सजाय, जरिवाना, थप कारवाही र छुट सम्वन्धी व्यवस्था

१२. यो निर्देशिकामा भएको व्यवस्थाहरूको उल्लंघन गर्नेलाई तपसिल बमोजिको जरिवाना तथा कारवाही गरिनेछ ।

क) फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिन कजुरजन्य कार्यहरूको



हकमा सोही ऐन बमोजिम र उक्त ऐनमा उल्लेख नभएको हकमा यस निर्देशिकाको उल्लंघन हुने गरी भएको कार्यको लागि तपसिल बमोजिम जरिवाना हुनेछ ।

ख) पहिलो पटकको लागि रू. ५००।- (पाँच सय) र सोही कार्य पुनः दोहोरिएमा प्रत्येक पटक अघिल्लो पटक भएको जरिवानाको दोब्बर सजाय हुनेछ ।

१३. **पुरस्कार दिन सक्ने :**
फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा यो निर्देशिका बमोजिम कसुरजन्य काम गर्ने कुनै पक्षको बारेमा नगरपालिकालाई मौखिक वा लिखित वा अन्य कुनै माध्यामबाट सूचना दिने व्यक्ति वा पक्षलाई उक्त कसुरवापत असुल उपर हुने जरिवाना रकमको ५० (पचास) प्रतिशत् प्रोत्साहन स्वरूप उपलब्ध गराईनेछ । तर कसैलाई दुःख दिने नियतले नभएकोको कुराको जानकारी गराउने व्यक्ति वा पक्षलाई रू. ५०० जरिवाना गरिने ।

१४. फोहोरमैला व्यवस्थापनको कार्यलाई सहयोग पुग्ने कुनै उद्योग, व्यापार वा व्यावशाय स्थापना, सन्चालन तथा व्यवस्थापनमा नगरपालिकाले आवश्यक छुट, सुविधा वा सहुलियत दिई यस्तो कार्यलाई प्रोत्साहन गर्नेछ ।

## परिच्छेद ७
## फोहोरमैला स्व व्यवस्थापन तथा अनुगमन समिति सम्वन्धी व्यवस्था:

१५. **यो निर्देशिका बमोजिमका कामकाज गर्न गराउन तथा त्यस्तो कार्यको अनुगमन गर्न तपसिल बमोजिमको फोहोरमैला स्वःव्यवस्थापन तथा अनुगमन समिति गठन गरिनेछः**

क) नगर प्रमुख : संयोजक

ख) नगर उप प्रमुख : उप संयोजक

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ) स्थानीय सुरक्षा निकायका प्रमुख : सदस्य

ङ) वडा अध्यक्षहरू सवै : सदस्य

च) जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि : सदस्य

छ) जिल्ला उद्योग वाणिज्य संघको प्रतिनिधि : सदस्य

ज) नगर उद्योग वाणिज्य संघको प्रतिनिधि : सदस्य

झ) जिल्ला निर्माण व्यावसायी संघको प्रतिनिधि : सदस्य

ञ) शिक्षा, स्वास्थ्य र कानून शाखाका प्रमुखहरू : सदस्य

ट) जिल्ला स्थित यातायात सम्वन्धी विभिन्न संघ संस्थाहरूको प्रतिनिधि : सदस्य

ठ) काठमाण्डौ विश्व विद्यालयको प्रमुख वा प्रतिनिधि : सदस्य

ड) सहकारी संस्थाको छाता संगठनका प्रमुख तथा प्रतिनिधि : सदस्य

ढ) सहकारी संस्थाहरू मध्येबाट दुई जना अध्यक्ष : सदस्य

ण) सवै टोल विकास समितिका संयोजकहरू : सदस्य

त) समितिले मनोनित गरेका तपसिल बमोजिमका प्रतिनिधिहरू :

(१) स्थानीय सन्चारकर्मी २ जना

(२) होटेल तथा रेष्टुरेन्ट व्यावशायीहरू मध्येबाट २ जना

(३) सामुदायिक विद्यालयहरू मध्येबाट दुई जना प्र.अ.

(४) संस्थागत ( निजी) विद्यालयबाट दुई जना

(५) स्थानीय कलेजहरूबाट १ जना

(६) निजी अस्पतालहरू मध्येबाट दुई जना

(७) स्थानीय उद्योग, कल कारखाना मध्येबाट दुई जना

थ) सामुदायिक विकास शाखा प्रमुख : सदस्य सचिव

समितिले आवश्यक ठाने बमोजिमको अन्य क्षेत्रहरूबाट पनि सदस्य मनोनित गर्न सक्नेछ ।

१६. समितिको बैठक संयोजकको अध्यक्षतामा वस्नेछ । संयोजकको अनुपस्थितिमा उप संयोजकले बैठकको अध्यक्षता गर्नुपर्नेछ ।

१७. समितिको बैठक चार महिनामा एक पटक वस्नेछ । तर आवश्यक परे सो भन्दा अघि नै आवश्यक्ता अनुसार बैठक वस्न बाधा पर्नेछैन ।

१८. समितिको निर्णय सर्व सम्मत हुनेछ । सो नभए बहुमतका आधारमा हुनेछ । मत वरावर भएमा संयोजकले निर्णायक मत दिन सक्नेछ ।

१९. समितिका पदेन सदस्य वाहेक अन्य सदस्यहरूको पदावधि समितिको पहिलो बैठक वसेको मितिले २ वर्षको हुनेछ ।

२०. अन्य कुराहरू समिति आफैले निर्णय गरे बमोजिम हुनेछ ।



## परिच्छेद ८
## विविध

२१. यो निर्देशिकाको पालन गर्नु गराउनु सम्वन्धित सवै कर्तव्य हुनेछ ।

२२. यो निर्देशिकामा लेखिएका कुराहरू प्रचलित संघीय तथा प्रादेशिक कानूनसँग वाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

२३. नगरपालिकाले प्रत्येक घरलाई व्यक्तिगत सदस्य र दर्ता भई सन्चालन भई रहेका अन्य व्यावशायहरू संस्थागत सदस्यको रूपमा दर्ता गरी बार्षिक सदस्यता शुल्क लिनेछ ।

२४. यस निर्देशिका बमोजिम दफा ५ अनुसार सम्वन्धित पक्षहरूले पाउने रकम नगरपालिकाले रकम प्राप्त गरे पश्चात संकलकले पेश गरेको विवरण बमोजिम भुक्तानीको व्यवस्था मिलाउनेछ ।

२५. यस निर्देशिका बमोजिम हुने सवै आर्थिक कारोबार नगरपालिकाले गर्ने छ र संकलकले पेश गरेको विवरण बमोजिम फरफारक गर्ने वा सम्वन्धित पक्षलाई भुक्तानी गरिनेछ । यो निर्देशिका बमोजिम प्राप्त हुने रकमहरूको नगरपालिकाले छुट्टै हिसाव राख्नेछ ।

२६. पहिलो पटकलाई वा नगर सभाबाट निर्णय नभए सम्मको लागि यो निर्देशिका बमोजिम फोहोरमैला संकलनको कार्य प्रारम्भ भए पश्चात व्यक्तिगत र संस्थागत सदस्यता शुल्क समितिको सिफारीसमा नगरकार्यपालिकाको बैठकबाट तोके बमोजिम हुनेछ । त्यसरी शुल्क निर्धारण गर्न नभ्याएको वा नसकिएको अवस्थामा तत्काल कायम रहेको शुल्कलाई नै आधार मान्न पनि सकिनेछ ! यस्तो काम ठेक्काबाट गराउनु पर्दा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

२७. यो निर्देशिका बमोजिम हुने सम्पूर्ण कार्यहरूलाई निर्धारित अनलाईन प्रणाली बमोजिम हुने गरी आवश्यक प्रणालीको विकास गरि कार्यान्वयन गरिनेछ ।

२८. प्रत्येक टोल विकास संस्थाले वर्ष भरीमा आफ्नो घर, आगन, कम्पाउण्ड वरीपरी र घर आगन अघिको बाटो सफा र स्वच्छ राखी सरसफाईको उचित व्यवस्थापनमा उत्कृष्ट व्यवहार देखाउने टोलवासीहरू मध्ये एक जनालाई पुरस्कारको लागि नगरपालिकामा सिफारीस गर्नुपर्नेछ ।

२९. प्रत्येक वडा कार्यालयले आफ्नो वडा भित्र रहेका सरकारी कार्यालयहरू र अन्य गैर सरकारी संघ संस्थाहरू, होटल व्यावसाय (साना) र अन्य

पसलहरू मध्ये दफा २८ बमोजिम उत्कृष्ट योगदान गर्ने एक एक जनालाई नगरपालिकामा सिफारीस गर्नु पर्नेछ ।

३०. दफा २८ र २९ बमोजिम सिफारीस भएका तथा नगरले उत्कृष्ट काम गरेको ठहर गरेका व्यक्तिहरू तथा संस्थाहरूलाई विश्व वातावरण दिवसका अवसरमा कार्यक्रम गरी सम्मान गर्नेछ । उक्त कार्यक्रमा सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

३१. **प्रचलित कानून बमोजिम हुने:**
फोहोरमैला व्यवस्थापन ऐन २०६८ र यो निर्देशिकामा उललेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

३२. यो निर्देशिकामा उल्लेख भएका विभिन्न व्यवस्थाहरूको वा उल्लेख हुन छुटेका कुनै कारणले गर्दा कुनै समस्या उत्पन्न भएमा त्यसका सम्वन्धमा समितिले आवश्यक निर्णय गरी समाधान गर्न सक्नेछ ।

३३. समितिको बैठक तत्काल वस्न सक्ने अवस्था नभएमा वा तत्काल गर्नु पर्ने कार्यको लागि नगर प्रमुख स्तरीय निर्णयबाट आवश्यक कार्य गरी सो निर्णय पछि समितिको बैठकबाट अनुमोद गराउनु पर्नेछ । अनुमोदन नभएमा सो बैठक बसेको मितिबाट सो निर्णय वदर वा खारेज हुनेछ ।

३४. यो निर्देशिकामा लेखिएको कुनै कुरा संघीय वा प्रादेशिक कानूनसँग बाझिएमा वाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**आज्ञाले,**
**भोला प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**